आज मिति २०७९/०७/२१ गतेका दिन यस बारागढी गाउँ कार्यपालिकाका अध्यक्ष श्री अशोक कुमार जयसवाल ज्युको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा निम्न विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

## उपस्थिति

| नाम | पद | दस्तखत |
|---|---|---|
| १. श्री अशोक कुमार जयसवाल | (अध्यक्ष) | |
| २. श्री लक्ष्मी देवी राय | (उपाध्यक्ष) | |
| ३. श्री हिरालाल साह कानु | कार्यवाहक वडा अध्यक्ष | |
| ४. श्री जागेन्द्र साह कलवार | (वडा अध्यक्ष) | |
| ५. श्री उमेश प्रसाद साह | (वडा अध्यक्ष) | |
| ६. श्री पन्ना लाल साह | (वडा अध्यक्ष) | |
| ७. श्री मनेजर चौधरी | (वडा अध्यक्ष) | |
| ८. श्री निरज कुमार साह | (वडा अध्यक्ष) | |
| ९. श्री सुरेश राम | (कार्यपालिका सदस्य) | |
| १०. श्री राम एकबाल हजरा | (कार्यपालिका सदस्य) | |
| ११. श्री रेनु देवी कलवार | (कार्यपालिका सदस्य) | |
| १२. श्री अनिता दवी बैठा | (कार्यपालिका सदस्य) | |
| १३. श्री धनमन्ती देवी मलाहिन | (कार्यपालिका सदस्य) | |
| १४. श्री संगिता कुमारी चौधरी | (कार्यपालिका सदस्य) | |
| १५. श्री कमलेश कुमार मिश्र | (सदस्य सचिव) | |

CamScanner

प्रस्ताव एंव निर्णय :

१. जिल्ला दररेट तथा स्थानीय मिक्स ग्रेभलको दररेट निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं.१ माथि छलफल गर्दा स्थानीय मिक्स ग्रेभल प्रति घन मीटरको रु.१५००।-(अक्षरेपी एक हजार पाँच सय मात्र) को दररेट कायम गर्ने तथा जिल्ला दररेट ०७९/०८० कायम गर्ने निर्णय गरियो ।

२. ईलाका प्रहरी कार्यालयको लागि जग्गा निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका वडा नं.३ खोपवा अन्तर्गत रहेको सार्वजनिक जग्गा कित्ता नं.९६९ मध्ये पश्चिम दक्षिणको कुनामा पश्चिम मोहडा १०० फिट हुने गरी ०-९-०(नौ कट्ठा) जग्गा ईलाका प्रहरी कार्यालय बारागढी बारालाई दिने र बाँकी रहेको जग्गा यस बारागढी गाउँ कार्यपालिकाको कार्यालय, खोपवा बाराको नाममा हुने गरी प्रकृया अगाडि बढाउने निर्णय सर्वसहकतिबाट निर्णय गरियो ।

३. निरन्तरता दिने सम्बन्धमा ।

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस बारागढी गाउँ कार्यपालिकाको कार्यालय तर्फ खानेपानी सरसाफाई तथा स्वच्छता शाखामा कामकाज गर्दैआईरहेका कार्यरत कर्मचारी पद(प्रज्जवलक) श्री रामपुकार कुमार पासवानलाई यस बारागढी गाउँपालिकाबाट मासिक रु.२०,०००।-( अक्षरेपी बीस हजार मात्र) सेवा सुविधा दिने गरी सोही पदमा मिति २०७९ श्रावण ०१ गते देखि निरन्तरता दिने सर्वसहकतिबाट निर्णय गरियो ।

४. पदपूर्तिको लागि विज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस बारागढी गाउँ कार्यपालिकाको कार्यालय तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत दरबन्दीमा प्राविधिक सहायकको पद रिक्त रहेकोले उक्त पदको पदपूर्तिको लागि विज्ञापन गर्ने सर्वसहमति निर्णय गरियो ।

CamScanner

५. सि.सि.टि.भि. क्यामरा जडान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५ माथि छलफल गर्दा १ नं.वडाको कार्यालय पिप्राबसपुरमा रहेको वडा कार्यालयको कोठा तथा प्राआङ्गनमा सि.सि.टि.भि. क्यामरा जडान गने सर्वसहमति निर्णय गरियो ।

६. बर्थिङ्ग सेन्टर तर्फ कर्मचारीको निरन्तरता दिने सम्बन्धमा ।

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस बारागढी गाउँ कार्यपालिकाको कार्यालय तर्फ बर्थिङ्ग सेन्टरमा कामकाज गर्दैआईरहेका कार्यरत कर्मचारी पद(अ.न.मी) श्री अम्बिका कुमारी साहलाई मिति २०७९ श्रावण ०१ गते देखि म्याद थप गरी निरन्तरता दिने सर्वसहकतिबाट निर्णय गरियो ।

७. सार्वजनिक पोखरी सम्बन्धमा ।

प्रस्ताव नं.७ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको आन्तरिक राजस्व बृद्धी विकासको लागि यस गा.पा. अन्तर्गत रहेका सार्वजनिक पोखरीहरुको मर्मत गर्न आवश्यक बजेट छुट्याई तथा माछा पोखरीको टेन्डर प्रकृया अगाडि बढाउने सर्वसहमत निर्णय गरियो ।

८. ईन्धन सम्बन्धमा ।

प्रस्ताव नं.८ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको कार्यपालिका सदस्यहरुलाई जनही महिनामा १०(दश) लिटर ईन्धन र वडाका वडा-सदस्यहरुलाई वडा अन्तर्गत पर्ने कामकाज गर्न जनही महिनामा ८(आठ) लिटर ईन्धन दिने सर्वसहमति निर्णय गरियो ।